कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: २८ | वि.सं. २०८१ | बैशाख | २९ | शनिवार | नेपाल संवत: ११४४, | वैशाख शुक्ल चतुर्थी | Saturday | 11 | May. | 2024 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

# आगामी बजेटमा संघीय सरकारसँग के चाहन्छ कर्णाली ?

**ओम शाही**
**सुर्खेत, २८ वैशाख ।**

संघीय सरकारले आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटको अन्तिम तयारी गरिरहेको छ। संघीय सरकारको नीति तथा कार्यक्रम आगामी बुधबार संसदमा प्रस्तुत हुने जनाईको छ। प्रदेश सरकारहरू पनि नीति, कार्यक्रम तथा वजेट निर्माणको तयारीमा लागेका छन् ।

कर्णाली प्रदेश सरकारले आफ्नो आगामी नीति तथा कार्यक्रम र बजेटका बारेमा सरोकारवालाहरूसँग छलफल अगाडि बढाएको जनाउँदै आएको छ। मानव सूचकाङ्कमा अन्य प्रदेशको तुलनामा पुछारमा रहेको कर्णालीको आन्तरिक आम्दानी न्यून छ । संघीय अनुदानमै चल्नुपर्ने बाध्यता कर्णालीलाई छ।

पछिल्लो समय कोरोना महामारी लगायतका विभिन्न परिघटनाले सिर्जित संकट मोचन विस्तारै लयमा आउने क्रममा छ । कर्णालीको एक तिहाई जनसंख्या निरपेक्ष गरिबीको रेखामुनि छ। राज्यको कर्णालीलाई हेर्ने दृष्टिकोण अझैसम्म पनि बदलिन सकेको छैन । वर्षौंदेखि न्यायोचित विकासको पर्खाइमा बसेको कर्णाली बहुआयामिक गरिबीका प्रमुख सूचक स्वास्थ्य, शिक्षा र जीवनस्तर कमजोर छन् । नेपालमा बहुआयामिक गरिबी १७ प्रतिशत रहँदा कर्णालीमा झण्डै ३९ प्रतिशत जनसंख्या यसको चपेटामा छ । कुल गाहस्थ उत्पादन र प्रतिव्यक्ति आयमा पनि

बाँकी ४ पेजमा




## ठुला आयोजना प्राथमिकतामा राख्न माग

कर्णालीका मुख्यमन्त्री यामलाल कँडेलले कर्णालीका ठुला आयोजनालाई आगामी वजेटमा प्राथमिकतामा राखिदिन संघ सरकारसँग माग गरेका छन् । कँडेलले अन्तरसरकारी वित्त परिषद् को नवौँ बैठकमा प्रदेश सरकारको तर्फबाट संघीय सरकारलाई ठूला आयोजना प्राथमिकतामा राखिदिन संघीय सरकारका अर्थमन्त्री वर्षमान पुन समक्ष मागप्रत्र प्रस्तुत गरेका हुन् ।

कँडेलले कर्णालीका लागि नीतिगत र कार्यक्रमगत विषय/क्षेत्रमा संघीय सरकारले अगाडि बढाउनैपर्ने तथा सुधार गर्नुपर्ने विषयहरू समेट्नुपर्ने माग गरेका छन् । संघीय बजेट तर्जुमा

बाँकी ३ पेजमा

## पूर्वाधार विकास नै मुख्य

नेपाल सरकारको विगत वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएको र कर्णाली प्रदेशको राजधानी जोड्ने प्रदेश प्रवेशद्वारको रूपमा रहेको कोहलपुरदेखि सुर्खेतसम्मको रत्न राजमार्गलाई चार लेनको बनाउने योजना कार्यान्वयनमा नगएकाले आवश्यक बजेटसहित कार्यान्वयनको व्यवस्था मिलाउनुपर्ने माग मुख्यमन्त्री कँडेलले अर्थमन्त्री वर्षमान पुनसमक्ष राखेका छन् ।

विगत वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएको तर हालसम्म कार्यान्वनमा जान नसकेको सुर्खेत विमानस्थल विस्तार र स्तरोन्नति गरी संघीय राजधानीसँग कर्णाली प्रदेशको हवाई पहुँच र आन्तरिक उडानको केन्द्रको रूपमा विकास गर्न आवश्यक बजेटसहित कार्यान्वयनको व्यवस्था मिलाउनुपर्ने भनिएको छ ।

बाँकी ३ पेजमा

## के भन्छ निजी क्षेत्र

संघीय बजेट निजी क्षेत्रका समस्या सम्बोधन हुनेगरी लगानीमैत्री आउनुपर्ने उद्योग वाणिज्य संघ सुर्खेतका अध्यक्ष लक्ष्मण कँडेल बताउँछन् । 'आर्थिक मन्दीले बजार चलायमान छैन । उद्योगधन्दा, कलकारखाना बन्द भएका छन् । सबैभन्दा पहिलो बजार चलायमान बनाउने खालको नीति ल्याउन आवश्यक छ', कँडेलले भने, 'दोस्रो कुरा उत्पादनका क्षेत्रमा उद्यमी, व्यवसायी र उद्योगीले उत्पादन क्षेत्रमा जानसक्ने वातावरण आगामी बजेटले बनाउने गरी निजी क्षेत्रलाई सम्बोधन हुनुपर्छ ।'

सरकारको पुँजीगत बजेट असारमा आएर खर्च गर्ने परिपाटीको अन्त्य गरी पूर्वाधार विकासमा बाँडिने टुक्रे योजनाहरू बन्द गरिनुपर्ने उनको भनाइ छ। बैंकको चर्को ब्याजका कारण व्यवसायीलाई घरभाडासमेत तिर्न नसकेर व्यवसाय नै बन्द गर्नुपर्ने स्थितिको अन्त्य हुनुपर्ने कँडेल बताउँछन् । सरकारले आगामी वजेटमा वित्त नीति र मौद्रिक नीति मेल खाने गरी उत्पादनमुलक वजेट निर्माणमा ध्यान दिनुपर्ने उनले बताए ।

'सहज रूपले गाउँ-गाउँमा कृषकहरू, युवा तथा महिला उद्यमीहरूले चाहेको ऋण पाउनु पऱ्यो । लगानी गर्दा प्रोजेक्ट बेसिस हुनु पऱ्यो, मानिलिनुस् दैलेखको कृषकले १० वटा भैँसी पाल्छ अथवा कालीकोट, जुम्लाका कृषकले पशुपालन गर्छ भने त्यो कृषकसँग बाटो नभएको खेतबारी, जग्गा हुन सक्छ । त्यो खेतबारी बाटो नभएको जग्गालाई धितो राखेर त्यो १० वटा भैँसी पाल्ने कृषकलाई बैंकले किन ऋण दिन नसक्ने ? कृषि क्षेत्रमा बैंक किन जान नसक्ने ? बैंक पनि उत्पादनमुखी हुनपऱ्यो,' उनले भने ।

# भेरीमा ट्र्याक्टर खस्दा दुई जनाको मृत्यु

**युग संवाददाता**
**जाजरकोट, २८ वैशाख ।**

रूकुम पश्चिमको आठबिसकोटबाट जाजरकोटको रिम्ना जाँदै गरेको ट्र्याक्टर भेरी नदीमा खसेको छ। भे २ त १६६८ नम्बरको ट्र्याक्टर शुक्रबार दिउँसो साढे १२ बजे आठबिसकोट नगरपालिका-१४ छेपारेस्थित जाजरकोट-डोल्पा सडकबाट भेरी नदीमा खसेको हो ।

ट्र्याक्टर चालक आठबिसकोट नगरपालिका-१४ छेपारेका २२ वर्षीय विकास खड्का र सोही ठाउँका १८ वर्षीय हरि आचार्यको दुर्घटनास्थलमै मृत्यु भएको रूकुम पश्चिमका डिएसपी नवराज पोखरेलले जानकारी दिए। सोही स्थानका आठबिसकोट-१४ का चिन्तामणि शर्मा, सोही ठाउँका १८ वर्षीय विकास पोखरेल र सानोभेरी- ४ का १६ वर्षीय निशान बुढाथोकी घाइते भएका छन् ।

# कर्णाली कोरिडोरमा १६ वटा पक्की पुल निर्माण

**युग संवाददाता**
**कालीकोट, २८ वैशाख ।**

कर्णाली कोरिडोर अन्तर्गत कालीकोटको नरहरिनाथ गाउँपालिका-८ खुलालुबाट हुम्लाको सलिसल्लासम्म १६ वटा पक्की पुल निर्माण भएका छन् । गत वैशाखदेखि हालसम्म कर्णाली करिडोरअन्तर्गत उक्त खण्डमा १६ वटा पक्की पुल निर्माण भएका हुन् ।

आठदेखि दश महिनाको अवधिमा करिडोरअन्तर्गत कालीकोटको खुलालुबाट हुम्लाको सलिसल्लासम्म १२३ किलोमिटरमा १६ पक्की पुल निर्माण सम्पन्न भएका खुलालु सलिसल्ला सडक आयोजना कार्यालयले जनाएको छ । उक्त खण्डमा साना तथा ठूला खोलामा गरी १६ वटा पक्की पुल निर्माण भएको खुलालु आयोजनाका प्रमुख वीरेन्द्र चन्दले बताए । 'गत वैशाखदेखि निर्माण सुरु भएको थियो', उनले भने, 'सबै पुल निर्माण गत कात्तिकमा सम्पन्न भए पनि बाँकी काम भने चैतमा सम्पन्न भएका छन् ।'

सलिसल्लासम्म राष्ट्रिय सडक सञ्जालमा जोडिएसँगै निर्माण सामग्री जुटाउन सहज भएकाले चाँडो काम सम्पन्न भएको प्रमुख चन्दले जानकारी दिए । 'निर्माण सम्पन्न भएका पुल खुलालुबाट बाजुराको कवाडीसम्म आठवटा छन्', उनले भने, 'बाजुराको कवाडीबाट हुम्लाको सलीसल्लासम्म आठवटा छन् ।'

सबै पुल छ मिटर चौडाइ र आठ मिटर लम्बाइका रहेका आयोजनाका प्रमुख चन्दले बताए । 'यी सबै पुल निर्माणका लागि भ्याटसहित कार्यालयले रु नौ करोड लागतमा बनाएको हो', उनले भने 'पुल निर्माणसँगै बर्खायाममा बाढी पहिरो तथा खोलामा पानीको बहाव बढेपछि सडक अवरुद्ध हुने अवस्थाको अन्त्य भएको छ ।'

# 'साना योजना सिधै प्रदेश र स्थानीयलाई हस्तान्तरण'

**युग संवाददाता**
**सल्यान, २८ वैशाख ।**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विगतमा सङ्घीय सरकारले कार्यान्वयन गर्दै आएका साना योजना सिधै प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण गरेर सङ्घीयतालाई थप सबल तुल्याइने बताएका छन् । दार्मा गाउँपालिकाको नवनिर्मित प्रशासकीय भवन उद्घाटन समारोहमा प्रधानमन्त्री दाहालले यस वर्षदेखि बजेटसम्बन्धी नीति र कार्यतालिका परिमार्जन गरेर सङ्घीयता सबल बनाउन लागिएको बताए ।

'योजनामा देखिएको दोहोरोपना अन्त्य गर्ने, रु तीन करोडभन्दा साना योजना सिधै प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण गर्ने निर्णय गरिएको छ', प्रधानमन्त्री दाहालले भने, 'यी प्रयासहरूले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई थप सुदृढ गर्नेछन् ।' आफूले तेस्रोपटक सरकारको नेतृत्व गरेपश्चात सबैभन्दा बढी ध्यान सङ्घीयता कार्यान्वयनमा लगाइरहेको उल्लेख गर्दै प्रधानमन्त्रीले यस अवधिमा राष्ट्रिय समन्वय परिषद्का दुई बैठकहरू सम्पन्न भई महत्त्वपूर्ण निर्णयहरू भएको बताए ।

स्थानीय तहले सङ्घीयताको असल अभ्यास गर्न सकेमा प्राकृतिक साधनस्रोतको संरक्षण र बहुआयामिक परिचालन, ग्रामीण अर्थतन्त्रको सशक्तिकरण, सामाजिक सूचकमा बढोत्तरी लगायतका रणनीतिक महत्वका कामहरूको साथै सेवाप्रवाहका क्षेत्रमा महत्वपूर्ण काम गर्न सकिने बताउँदै प्रधानमन्त्री दाहालले प्रदेश र स्थानीय तहको साझा अधिकार सूचिसमेतको सही अभ्यास हुँदा स्थानीय तहले ग्रामीण अर्थतन्त्रको सवलीकरणसहित राष्ट्रिय अर्थतन्त्र निर्माणमा गुणात्मक योगदान पुग्ने विश्वास व्यक्त गरे ।

**डिपेन्डेन भिसा**

सजिलोसँग स्टुडेन्टसँग डिपेन्डेन भिसामा अष्ट्रेलिया, क्यानडा, युरोप, युके जानको लागि आवश्यक परेमा हामीलाई तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.:
९७६९७७२९४४, ९७६९७७२९२३






कथा

# कागजी पति



लक्ष्मण थापा

> उस्को अपार्टमेन्टमा समय कुसमय आउँन थाल्यो । अतिरिक्त पैसा माग्न थाल्यो र कहिलेकाँही सयपचास दिएर पिण्ड छुटाउँथी । पछि पछि त शारीरिक सम्पर्कको माँग गर्न थाल्यो ।

एन्टोनी र उस्को साथी ब्रायन रिसले गुर्राउँदै अपार्टमेन्टको ढोका ड्वाँग बजार्दै बाहिर निस्केपछि डाली वैठक कोठाबाट रुँदै बेडरुममा पुगेर ओच्छ्यानमा घोप्टो परी । अहिले उस्लाई अझै डाँको छोडेर पुरै अपार्टमेन्ट हल्लने गरी रुन मन लागेको थियो । अझ भन्ने हो भनें आकाशै हल्लाउँने गरी गड्याँग र गुड्ुँग होस्, पानी वर्षियोस् र पुरै डेन्टनलाई डुबाओस् भनें झैं लागिरहेको थियो । उस्को अगाडी अँध्यारोको पहाड उभिएको थियो । बाटो प्रस्ट देखिइरहेको थिएन । अहिले ऊ घोर विषादको सागरमा हराइरहेकी थिई ।

भर्खरै ढोका बजार्दै निस्कने दुईजनामध्ये एन्टोनी उस्को 'कागजी पति' हो । जो वर्तमान कालमा उस्को आर्थिक र शारीरिक रुपमा चरम शोषण गर्ने जुको पनि भन्न सकिन्छ । जस्लाई डाली चरम घृणा गर्छे । तर केही गर्न नसक्ने विवश पक्षी झैं पिन्जराभित्र फड्फडाउँछे मात्र ।

डालीको वास्तविक नाम डिलकुमारी न्यौपाने हो । स्याँग्जाको अर्जुनचौपारी गाउँमा जन्मेकी डिलकुमारी सानैदेखि प्रतिभाशाली छात्रा थिई । उस्को मुहारमा सानैदेखि वौद्धिकताको आभामण्डल दृष्टिगोचर हुन्थ्यो । कक्षामा कहिल्यै दोस्रो भइन । अतिरिक्त कार्यक्रममा पनि उस्को अगाडि कसैको जोड चल्दैनथ्यो । शिक्षककी प्रिय छात्रा थिई । एसएलसीमा पनि उत्कृष्ट परीक्षाफल ल्याएपछि जोड दुई विज्ञान लिई उतीर्ण गरी र पोखरामा आई जनप्रिय क्याम्पसमा माइक्रो बाइलोजीमा स्नातक तहमा पढिरहेकी थिई ।

लोकसेवा आयोग उतीर्ण गरी सरकारी सेवामा प्रवेश गर्ने हरेक स्याँजाली विद्यार्थीहरुको सुन्दर सपना हुन्छ । एउटा भनाई छ, 'स्याँग्जालीहरु गाईभैसी चराउँन जाँदा होस् या घाँसदाउरा गर्न जाँदा होस्, उनीहरुको साथमा हर्दम लोकसेवा आयोगको परीक्षा तयारीका पुस्तकहरु टुट्दैनन् !' तर डिलकुमारीले लोकसेवा उतीर्णको सपना हैन, अमेरिकाको भिषाको सपना देख्न थाली । उस्को सपनालाई हावा दिनथाल्यो, सँगै पढ्ने असीम अधिकारीले ।

" हेर डिलु, यो जमानामा नेपालमा बसेर, नेपालको जागिर खाएर केही हुनेवाला छैन । अमेरिका गएर पढ्ने, उतै काम गर्ने, डलरमा तलब खाने हो । हामी जत्तिका ट्यालेन्टलाई त भिषा तुरुन्तै दिन्छ । ह्वाँको जीवनस्तरै बेग्लै ।"

" त्यत्रो खर्च कसरी पु-याउँने ?" डिलकुमाकीले आशंका व्यक्त गरेकी थिई ।

" हामीले पुरै वा आँशिक छात्रवृत्ति पाइहाल्छौं । यहाँबाट जानलाई आठदश लाख ऋणै लिए पनि पढ्दै काम गर्दै गर्न पाइन्छ । एकाध वर्षमा त तिरिहालिन्छ नि !"

दुबैले संगै प्रयास गरे । टेक्सस विश्वविद्यालयको तर्फबाट आँशिक छात्रवृत्ति प्राप्त गरेपछि भिषा पाइहाले र दुबै संगै टेक्सस आए । यहाँ कम्प्यूटर विज्ञान लिई पढ्न थाले । मेहनत गर्न पछाडि नपर्ने भएकोले पढाई राम्रैसंग पुरा गरें र घरको ऋण पनि छिट्टै तिरे । अमेरिकनहरुलाई उच्चारण गर्न सजिलो होस् भनि डिलकुमारीले आफ्नो नाम डाली राखी ।

समस्या पढाईपछि आयो । उनीहरु विद्यार्थी भिषामा आएकोले अब अगाडि वैध रुपमा बस्न ग्रिनकार्ड वा नागरिकता नै चाहिन्थ्यो । नत्र राम्रा ठाउँमा काम गर्न पनि गाह्रो पर्दथ्यो । त्यस्को उपाय खोज्न निकै भौतारिए । सबैभन्दा सजिलो उपाय अमेरिकन नागरिकसंग विवाह गर्नु हो भन्ने बुझेपछि काठमाण्डौतिरका प्रदीप भन्नेले उपाय सुझाए ।

" हेर, तिमीहरुले ग्रिनकार्ड र नागरिकता लिनका लागि यहाँका कालेहरुसंग कागजी विहे गर । धेरैजसो कालेहरु अल्छी र लोभी हुन्छन् । त्यसैले महिनाको पाँचसय हजार डलर बुझाउँने सर्तमा विहे गर्न मान्छन् । बरु म साथीहरुसंग त्यस्ता मान्छे भेट्टाए खवर गर्न भन्छु ।"

उनीहरुसंग अर्को विकल्प थिएन । त्यसैले प्रदीपको सहायताले असीमले चेल्सिया नामकी काली केटीसंग विहे गरेर कागज बनाई भर्जिनिया गयो र डिलकुमारीले एन्टोनी नामक बीस वर्षे केटोसंग मासिक पाँचसय डलर तिर्ने शर्तमा विहे गरी र कागज बनेपछि ढुक्कले राम्रो कम्पनीमा काम पाई । सबैकुरा ठिकठाक चलिरहेको थियो । हरेक महिना एन्टोनीलाई भेटेर पाँचसय डलर बुझाउँथी ।

असीमसंग छउन्जेल उनीहरुले अर्बिनमा संयुक्त रुपमा अपार्टमेंट लिएर बसेका थिए । तर असीम भर्जिनिया गएपछि ऊ एक्लै भए पनि डेन्टनमा अपार्टमेन्ट लिएर बसेकी थिई । उस्को आम्दानीले त किस्ताबन्दीमा घरै किन्न सक्ने थिई । अमेरिकामा घर किन्ने भनेकै बैंकको कर्जा लिने र मासिक किस्ता बुझाउने गरी लिने हो । तर जीवन अझै व्यवस्थित भै नसकेकोले त्यता हात हालिरहेकी थिइन । उस्ले कागजी विहे गरेपछि दुई वर्ष त ठिकठाकै चलेको थियो । तर एकवर्षपछि बेरोज़गार र नशेडी एन्टोनीले उस्लाई तनाव दिन थाल्यो । उस्को अपार्टमेन्टमा समय कुसमय आउँन थाल्यो । अतिरिक्त पैसा माग्न थाल्यो र कहिलेकाँही सयपचास दिएर पिण्ड छुटाउँथी । पछि पछि त शारीरिक सम्पर्कको माँग गर्न थाल्यो ।

" तँ मेरो कोही हैनन् । सर्त अनुसारको रकम त बुझाएकै छु । अझै मागेको बेला अतिरिक्त पनि दिएकी छु । किन दुःख दिन्छस् ?" डालीले प्रतिवाद गर्थी ।

" तँ मेरी स्वास्नी होस् ! स्वास्नीसंग यौन सम्पर्क राख्नु अधिकार हो !" एन्टोनी हठ गर्थ्यो ।

" तँ कागजी लोग्ने होस् । म त्यसबापत महिनैपिच्छे डलर तिर्छु ! बरु मलाई डिभोर्स दे ! एकमुस्ठ रकम दिन्छु ।"

" तर तँ कानून अनुसार वैध स्वास्नी होस् ! म तँलाई मन पराउँछु ।किन डिभोर्स दिनु ? बरु तँसंग सम्बन्ध राख्नु मेरो अधिकार हो !" एन्टोनीले ज़ोर जवरजस्ती गर्न थाल्यो । डालीले आँफुलाई कतिन्जेल सुरक्षित राख्न सक्थी र ! कानूनीरुपमा त उ चुकेकै थिई । शारीरिक रुपमा पनि झुक्न पुगी ।

एकपटक झुकाएपछि एन्टोनी उस्को अपार्टमेन्टमा आइरहन थाल्यो । त्यहीं बसेर रक्सी पिउँने, डलर माग्ने, गाली गलौज गर्ने र बिस्तारै बिस्तारै कुटपिट पनि गर्न थाल्यो । कहिलेकाँही त डलर खोसेर लैजान पनि थालेको थियो ।

आज त अचाक्ली ग-यो ।दिनभर अफिसको काम भ्याएर यसो सुस्ताएकी थिई । कोरोना प्रकोपपछि हप्ताको तीनदिन कम्प्यूटरमा घरबाटै काम गर्थी । बाँकी दुई दिन अफिसमैं जानुपर्दथ्यो । तर घरबाटै काम गर्दा पनि आठघण्टा लगातार कम्प्यूटर अगाडि बसेर काम गर्दा टाउको भारी भएर आएको थियो । साथी ब्रायनसंग एन्टोनी पहिल्यै रक्सीले चुर भएर आई ढोकाको घण्टी बजाएको थियो । डाली सशंकित हुँदै गई ढोका खोलेकी मात्र के थिई उनीहरुले डालीलाई धक्याउँदै भित्र पसेर सोफामा बसेर ह्वीस्कीको बोतल खोल्दै सितनको माग गर्न थाले ।

यस्तैमा एन्टोनीले धँगधँग्याउँदै अधिकार पूर्वक गै -याक खोलेर दुईवटा गिलाँस निकालेर टी टेबलमा राख्यो र ह्वीस्की खन्यायो । फेरी उठेर गै फ्रिज खोलेर बरफका टुक्राहरु ल्याई दुबैका गिलाँसमा हाल्यो र दुबैले "चियर्स" भन्दै गिलाँस जुधाए ।

विवसतापूर्वक डालीले दुईटा प्लेटमा स्नाक्स ल्याएर अगाडि राखिदिई र सशंकित नजरले पर उभिइरही । उस्को मुहारमा उनीहरुप्रति गहिरो घृणाका रेखाहरु सल्बलाइरहेका थिए । केहीबेर उभिएपछि मुख फाल्दै संगै जोडिएको कोठामा गै कम्प्यूटर अगाडि फेरी बसी । उनीहरु आफ्नै तालमा बहकिई गफ गरिरहे । एकघण्टापछि एन्टोनीले बोलायो ।

"प्रिय यता आऊ !"

उसले सुनेको नसुन्यै गरी । यो देखेर एन्टोनी रिसाउँदै चिच्चायो ।

" ओई, फोहरी कुकुर्नी यता आइजा भनेको सुनिनस् !"

यस्ता अपशब्द त उ बेला-बेलामा प्रयोग गरिरहन्थ्यो । तर आज साथीका अगाडि धाक जमाउँन होला चाँडै नै उत्तेजित भयो । डालीलाई पनि सहिनसक्नु भयो र उ पनि आवेशमा बाहिर निस्की र चिच्याई,

" यहाँ चिच्याउँने हैन, रण्डीको छाउरा । यो मेरो अपार्टमेन्ट हो । तेरो बाउको हैन !"

" तँ वेश्या मेरी स्वास्नी होस् ! आज मेरो साथी ब्रायन तँसंग सुत्ने इच्छा गरेको छ । आज हामी दुबैसंग सुत्न तयार भै !" रिसाउँदै एन्टोनीले उठेर डाँलीको कपाल समात्यो ।

" म वेश्या हैन, तँ जोसंग भन्छस् उसैसंग सुत्ने । तैले मेरो डिभोर्स पेपरमा सही गर र निक्लेर गैहाल ! तँ मेरो लोग्ने पनि हैनस् !" डालीले रुँदै चिच्याई ।

" म कदापि डिभोर्स पेपरमा सही गर्दिन । तँ त मेरो बैंक ब्यालेन्स होस् । अहिले मेरो साथीको पनि इच्छा पुरा गर र मेरो खातामा पैसा हालीराख, नत्र'.।" एन्टोनी झन् हिंस्रक देखियो । त्यति नै बेला ब्रायन पनि लड्खडाउँदै आएर "हिंड जाउँ प्रिय !" भन्दै उसका खुट्टा समातेर उचाल्यो र दुबैले झ्याँकुटी पार्दै सुत्नेकोठातिर लान थाले । डालीलाई कहाँबाट तेत्तिको बल आयो कुन्नी । ब्रायनको हातबाट आफ्नो दाइँने खुट्टा फुत्काई उस्को सन्नीमा सकेसम्मको जोडले लात बजाई ।ब्रायन उस्लाई छोडेर पीडाले डकार्दै थुचुक्क बस्यो । एन्टोनी पनि नर्वस भयो र त्यसैबेला डालीले नँग्राले उस्को मुख कोपरीदिई ।

उनीहरुको पन्जाबाट उम्कने बित्तिकै डालीले -याकबाट तरकारी काट्ने छुरी निकाली उनीहरुतिर सोझ्याउँदै चिच्याई " लुते कुकुरहरु भागीहाल् यहाँबाट । नत्र'.. !"

"तँलाई पख ! पछि म देखाइदिनेछु !" भनी धम्क्याउँदै रिसले चुर भइ दुबै बाहिर निस्के ।

डालीलाई सँधैको यो अपमानजनक व्यवहार सहेर बस्न गाह्रो भैरहेको थियो । आफ्नो स्वतन्त्रताको लागि धेरैपटक पारपाचुके कागजमा सही गरिदिन आग्रह गर्दा आफ्नो आम्दानीको स्रोत गुम्ने भएकोले एन्टोनी पटक्कै मान्दैनथ्यो ।ऊ त्यसका लागि पाँचसात हजार एकमुस्त तिर्न पनि तयार थिई ।किनभने पारपाचुके बिना उस्को फन्दाबाट उम्कन सक्दैनथी र जीवनको सही सुरुआत पनि हुन सक्दैनथ्यो । यतिबेला उस्लाई एन्टोनीको फन्दाबाट बचाउँन सक्ने मान्छे कोही देखेकी थिइन ।

रुँदारुँदै डाली जुरुक्क उठी । आँशु पुछी । उस्को अनुहारमा दृढताको अनौठो आभा चम्कन थाल्यो । अहिले जम्मा अठ्ठाइस् वर्षकी भएकी थिई । पैंतीसवर्षसम्म लोकसेवा आयोगको परीक्षामा प्रतिस्पर्धा गर्न पाउँने कुरा सम्झी । एन्टोनीको फन्दाबाट पर पुग्न यहाँको वार्षिक बहत्तर हजार डलरको जागिर त्याग्ने निष्कर्षमा पुगी र मनलाई हल्का पारेर ल्यापटप खोलेर नेपाल फर्कने टिकट हेर्नथाली ।

## बुद्ध र चुट्किला

एकपटक भगवान् बुद्ध भ्रमणका क्रममा एउटा सहरमा पुगे । सहरका मुख्य प्रशासक बुद्धका प्रशंसक थिए । बुद्ध आफ्नै सहरमा आएको थाहा पाउनासाथ उनले बुद्धलाई भेटे । उनले आफ्नो सहरमा केही दिन बसेर आफ्ना नागरिकहरूलाई प्रवचन दिन बुद्धसित अनुनय गरे । बुद्धले पनि उनको अनुनयलाई स्विकारे ।

भोलिपल्टैदेखि बुद्धको प्रवचन सुरु भयो । सहरको एक भव्य सभाहलमा प्रवचन हुँदै थियो । प्रवचन सुन्न सयौं मानिस जम्मा भएका थिए । प्रवचन सुरु हुनैलागेको थियो, श्रोता समूहबाट एकजना मानिस उठे र उनले बुद्धसँगै कुनै एक विषयमा गुनासो गरे । बुद्धले आफ्नो उत्तरले सकभर उनको चित्त बुझाउने प्रयास गरे । बुद्धको प्रवचन केही दिन चल्यो । ती गुनासोकर्ता श्रोता हरेक दिन त्यहाँ उपस्थित हुन्थे । र, हरेक दिन एउटै गुनासो दोहोऱ्याउँथे । बुद्ध बडो धैर्यपूर्वक तिनलाई जवाफ दिन्थे ।

हरेक दिन एउटै गुनासो सुन्दासुन्दा बुद्धलाई पनि दिक्क लाग्यो । त्यसैले, एक दिन तिनै श्रोताको उही पुरानो गुनासो सुनिसकेपछि कुनै जवाफ नदिई बुद्धले भने– आज म तपाईंहरूलाई एउटा चुटकिला सुनाउँछु । बुद्धले चुटकिला सुनाउने कुरा सुनेर सबै श्रोता शान्त भए । बुद्धले निकै रमाइलो शैलीमा एउटा चुटकिला सुनाए । सभाकक्षमा हाँसोको फोहोरा नै छुट्यो । बुद्धले फेरि त्यही चुटकिला सुनाए । यसपटक पनि थोरै मानिस हाँसे । उनले पुनः सोही चुटकिला सुनाए । तर, यसपटक हलमा कोही पनि हाँसेनन् । कसैले कुनै प्रतिक्रिया जनाएन ।

अन्त्यमा बुद्धले ती प्रश्नकर्ता श्रोतालाई सम्बोधन गर्दै भने– मित्र, अहिले मैले सुनाएको चुटकिला दोस्रो, तेस्रोपटक सुन्दा तपाईंहरूलाई दिक्क लाग्यो, तपाईंहरूले कुनै प्रतिक्रिया जनाउनुभएन । हो, त्यसैगरी तपाईंको यो पटकपटक एउटै गुनासो गरिरहने बानीले पनि यहाँ उपस्थित हुनेहरूलाई दिक्क लगाएको हुन सक्छ । आखिर पटकपटक एउटै गुनासो गरेर के नै पाइन्छ र, होइन त मित्र ? बुद्धको प्रश्नले ती श्रोता चुपचाप शिर झुकाउन बाध्य भए ।

## प्रकृति आमा: कविता



केसाङ छेकी शेर्पा

प्रकृति आमा
जाडो मौसममा चिसो हावा हुन्
हिउँहरूको चिसो र
गर्मी यामको मिठो स्वाद हुन्
रुखहरूको सुरिलो आवाज हुन् ।

त्यो जाडो मौसम हराउँदै छ
हिउँ पग्लिँदै छ, रूख ढलेका छन्
प्रकृति आमाका आँखा
पीडाका आँसुले भरिएका छन् ।
हाम्रो मुखमा मास्क
र आँखामा पट्टी किन छन् ?
हातभन्दा मुख किन छिटो चल्छ ?
अक्सिजन किन्नुपर्ने स्थितिमा
किन छौं ?
प्रकृति आमाप्रति हाम्रो माया किन
घटिरहेको छ ?

हामीले जनावरहरूका घर
किन किन छिनिरहेका छौं
बाँच्नको लागि ठाउँ नभएर
जमिनमा मरिरहेका छन्
भूकम्प, बाढी, पहिरो दैनिक
अतिथि भए
आमन्त्रित नभए पनि
वर्षमा दुई तिनपटक ढोकाबाहिर
आए
एसियाका प्रकाश बुद्धले
रुखमुनि तपस्या गरे
बुद्धत्व त्यहींबाट प्राप्त गरे
उनका प्रतीकात्मक अस्तित्वले
प्रकृतिको मूल्य देखायो ।

विनाश हामीले नै गरेका हौं
हामी ठिक गर्ने छौं भने
किन ऊर्जा छैन हामीमा ?
प्रकृति आमाको आँखामा आँसु
आउँदा
हाम्रो मुटु किन दुख्दैन ?
आफ्नी आमाको अनुहार धुलोले
ढाँक्दा
हामीलाई किन अत्यास लाग्दैन ?

समय आयो, कुराभन्दा काम धेरै
गर्नुपर्छ
फोहोर फाल्नुभन्दा उठाउनुपर्छ
आफूमा परिवर्तन ल्याउनुपर्छ
धर्ती मातामा विकास ल्याउनुपर्छ
हराभरा प्रकृति निर्माण गर्नुपर्छ ।

## आधा जिन्दगी: कविता



भान सिंह धामी

थोपा थोपा मिलेर
जब आयो जिन्दगी यो
अनेकौं क्रिडा दिएर बाबालाई
प्रसव पीडा दिएर आमालाई
खुशी र हाँसो दिएर परिवारलाई
बालापन आयो
पढायो, लेखायो र बाटो देखायो
अनि ओझेल पऱ्यो बाल्यकाल
र गयो थोरबहुत जिन्दगी

किशोर भएपछि
जिम्मेवारी आए
सङ्गसङ्गै आए सपनाहरू
जागिरको खोजी एकातिर
प्रियाको खोजी अर्कोतिर
समस्याको चाङले थिचिदा
आफ्नो मनले आफैं मिचिदा
के गर्नु
के नगर्नु अन्योल अन्योल हुँदा
न त चैन थियो
केवल मैन थियो जिन्दगी
जलिरह्यो, गलिरह्यो
तैपनि सबथोक छ लाग्थ्यो
ज्ञानको भोक छ लाग्थ्यो
सम्हालिएर हिंड्दै र भिड्दै जाँदा
हन्डर खाँदा खाँदा
टाढा भयो उर्वर जिन्दगी

समयचक्रले
वक्ररेखामा हिंड्ने जिन्दगीमा
सानो सफलता पाउँदा
आफ्नो एक मनले रमाउँदा
आफैंसित मिसिन आएको अर्को
मन
टाढा पुगिसकेको पत्तो नपाउने
यो धर्तीको एउटा महामुर्ख
भएकोमा
आफैंलाई शून्यमा थन्क्याएर
बाँचेको छु अचेल

दोष समयको हो कि समस्याको
चिन्ता वर्तमानको कि भविष्यको
तिमीले दिएका उपहारलाई
नओइलिन दिन
तिम्रो प्रतीक्षा होइन
आफ्नो प्रतिज्ञालाई अघि सारेर
आफ्नो कर्ममा दृढतापूर्वक
लागेको छु
तिमीले लिएको आधा जिन्दगी
सम्झेर
तिमीले दिएको आधा जिन्दगी
बाँचेर ।

विश्व

## भारतको सर्वोच्च अदालतद्वारा केजरीवाललाई जमानतमा रिहा

**नयाँदिल्ली, २८ वैशाख**

भारतको सर्वोच्च अदालतले शुक्रबार कारागारमा रहेका प्रधानमन्त्री नरेन्द्र मोदीका प्रतिद्वन्द्वीलाई जमानतमा रिहा गर्न आदेश दिएको छ । यसबाट उनलाई विद्यमान राष्ट्रिय निर्वाचनमा प्रचार गर्न अनुमति प्राप्त भएको छ ।

राजधानी दिल्लीका मुख्यमन्त्री तथा निर्वाचनमा मेदीको सामना गर्नका लागि गठित विपक्षी गठबन्धनका नेता अरविन्द केजरीवाललाई लामो समयदेखि चलिरहेको भ्रष्टाचारको अनुसन्धानको सिलसिलामा मार्चमा हिरासतमा लिइएको थियो ।

आपराधिक अनुसन्धानको दायरामा आउने समूहका धेरै नेतामध्ये उनी एक हुन । उनका एक सहकर्मीले निर्वाचनभन्दा एक महिनाअघि उनको गिरफ्तारीलाई सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) द्वारा रचित 'राजनीतिक षड्यन्त्र' का रूपमा वर्णन गरिएको छ । सर्वोच्च अदालतका न्यायाधीशद्वय सञ्जीव खन्ना र दीपाङ्कर दत्ताले केजरीवाल छ साताको निर्वाचनमा मतदानको अन्तिम दिन जुन १ सम्म हिरासतबाट बाहिर रहन सक्ने बताए । सन् २०२१ मा मदिराको बिक्रीलाई उदार बनाउने र यस क्षेत्रमा आकर्षक सरकारी हिस्सेदारी छाड्ने नीति लागु गर्दा केजरीवालको सरकारमाथी भ्रष्टाचारको आरोप लगाइएको थियो ।

उक्त नीतिलाई अर्को वर्ष फिर्ता लिइयो तर लाइसेन्सको कथित भ्रष्ट विनियोजनमा नतिजाको अनुसन्धानले केजरीवालका दुई शीर्ष सहयोगीहरूलाई कारागार पुऱ्यायो । बारम्बार गलत कामलाई अस्वीकार गर्दै आएका केजरीवालको समर्थनमा उनको गिरफ्तारीपछि भारतभरका अन्य धेरै ठूला सहरमा जुलुस निकालिएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** – मनोरञ्जनका साथै धार्मिक कार्यमा रुचि बढ्नेछ । मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । वस्त्र लाभ पनि हुनसक्छ ।

**वृष** – आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।

**मिथुन** – आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ । चोटपटक पनि लाग्न सक्छ, तर आफन्तले सहयोग गर्नेछन् ।

**कर्कट** – आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । पुँजी बजारमा सफलता मिल्ने र आर्थिक क्षेत्र राम्रै होला ।

**सिंह** – मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । विशेष यात्रा पनि हुनसक्छ ।

**कन्या** – आज कुनै कुराले मनमा शान्ति छाउनेछ । आँटेको र ताकेको कार्य पुरा हुनेछ । धर्म र सांस्कृतिक सभासमारोहमा सरिक हुने अवसर मिल्नेछ ।

**तुला** – लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हात पार्न नसकिएला । समय प्रतिकुल भई कुलतमा मन जानेछ । झैझमेलाको अवस्था पनि आउला ।

**वृश्चिक** – आजको दिन भाग्यशाली भएर देखा पर्नेछ । वैदेशिक क्षेत्रका अधुरा कार्यबाट सफलता मिल्नेछ । आफ्नो शेयर बजारको क्षेत्रमा सफलता मिल्नेछ ।

**धनु** – आज बोलीको भरमा कार्य सम्पादन हुनेछ । सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ हुनेछ । शैक्षिक क्षेत्रमा सफलता पनि मिल्नेछ ।

**मकर** – धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । विद्या र बुद्धिको विकास हुनेछ । सजिलै अरुको विश्वास जित्न सकिनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कुम्भ** – लाभहानी, आयव्यय, सुखदुःख बराबरी मध्यम खालको दिन छ, साथै प्रणयसम्बन्ध र रतिराग बढाउने समय छ । लाभदायक यात्रा पनि हुनसक्छ ।

**मीन** – आज शुभकार्यको चर्चा चल्नेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । प्रेमको बन्धन कसिने बेला छ । मुद्दा मामिलामा सफलता मिल्नेछ ।

निबन्ध

# एक अपरिचित डाक्टर



✍ शंकर लामिछाने

एक परिस्थिति जीवनमा यस्तो आयो, जसको समस्या निदान नगरी मेरो जीवनको केही अर्थ रहन नजाने भयो- र जीवन अर्थात् बाँच्ने क्रियाको केही लक्ष्य, केही उद्देश्य जब हुँदैन, त्यस बेला मरिदिनु नै उचित ठहर्दछ। त्यस्तै परिस्थितिमा मैले निर्णय गरेँ, म मर्दिनँ, बरु जीवनको काँचुली फेर्छु, आफ्नो बितेको र बितिरहेको जीवनसँग अब बिताउनुपर्ने जीवनको एक क्रमबद्धतालाई बलि चढाएझैँ मार हान्छु।

कसैलाई साउती-सुर्ता नगरी मैले आफ्नो वातावरणलाई चटक्क परित्याग गरेँ र बस्न पुगेँ अर्कै वातावरणमा, अर्कै परिस्थितिमा। मेरा आफन्त, मेरा मित्र मेरा बान्धव, परिचित, मेरो व्यवसाय, मेरो आयको स्रोत, मेरो जनसम्पर्क, मैले कमाएको नाम गुमाएको यशउपर यसको के असर पर्ला, त्यो सब मैले भोलिको पोल्टामा घोप्टाइदिएँ। दसैँ सम्झिनँ, तिहार सम्झिनँ- सम्झिनँ अब जीवनका लागि औँसीबाट पूर्णे आउने हो कि पूर्णेबाट औँसी।

भनेँ मनमा, "हे भोलि ! तिम्रो छनोट मलाई स्वीकार्य छ।"

तर भोलिको पोल्टामा सब कुरा घोप्टाउनु सजिलो छ, तर भोलि के कुन कुरा पहिले टिप्ने हो, त्यसलाई राख्ने हो, फ्याँक्ने हो, त्यसको प्रतीक्षा गर्नु सायद फाँसीमा चढाइने दिनको उषाको भन्दा पनि बढी दुःख दिने खालको अवस्था छ।

त्यस अवस्थालाई झेल्न मलाई गाहारो भयो। रक्सी खान जान्ने, सक्ने र खाने व्यक्तिका लागि रक्सी खाएर त्यसको नशाको बेहोसीपनको मधुरो सुमसुम्याइकै सहारा लिनुसिवाय अरू केही उपाय थिएन। मैले त्यै काख रोजेँ। म कहाँ छु र के गर्दै छु, मलाई पत्ता रहेन। मन लासमा परिणत भए पनि, तन उपहास सिवाय केही भएनछ। बेहोसीको अवस्थामा अभ्यासअनुसार चर्पी जान उठेछु। अभ्यासले मलाई हिजोमा डोऱ्यायो। हिजोको चर्पी आजको भर्याङ रहेछ ! मलाई ओर्लेको थाहा छैन, कारण कपाल फुटी म बेहोस थिएँ। अरूहरूले मलाई कुन बेला उठाए र कसरी ओछ्यानमा पुर्याए र के प्राथमिक उपचार गरे, त्यो पनि मलाई पत्तो छैन। म झन्डै १६ घण्टा मस्तसँग सुतेछु।

होसमा आएपछि, सब परिस्थितिबाट अवगत गराएपछि, मेरो कल्पनाले एक अतिसुन्दर चित्र देख्यो- इन्द्रघनुषी टङ्कारको, धनुष्टङ्कार रोगको, टिटानसको !

म सबभन्दा नगिचको क्लिनिकमा गएँ। सोधेँ, कोही डाक्टर छ ? "छ, तर बिरामी जाँच्नुहुँदै छ।" कुरेँ, पालो आयो, भित्र पसेँ। जीवनमा प्रथम पटक देखेको उसलाई त्यहीँ हो।

'एक अपरिचित डाक्टर' सँग यो मेरो पहिलो भेट थियो।

मान्छे कस्तो छ ? होइन त ? उसको अवगुणको मात्रै बयान गर्छु, जो पहिलो झलकमा मेरो मनमा आयो। ऊ अग्लो होइन, दुब्लो होइन, अनुहारले पसले साहू हो क्युरियो व्यापार गर्ने, डाक्टर पटक्क होइन, पोसाकले ऊ साहू होइन, कारण सुट भिरेको छ, कोठाको वातावरणले यस्तो झल्काउँछ, मानौँ शरीरशास्त्रसम्बन्धी जुन दुवैवटा चार्ट त्यहाँ झुन्डाइएका छन्–हड्डीका जेड तथा नसाका फैलाउ- ती उसले रङको सदुपयोग सौन्दर्य निमित्त टाँगेको छ।

अनि, मैले उसको नाउँ पनि त बाहिर झुन्ड्याएको बोर्डमा पढ्न भुलेछु !

"बस्नुस् !"

बसेँ।

"के भो ?"

टोपी फुकालेँ। हेर्यो।

"कसरी ?" "म यहाँ नयाँ बस्न आएको। हिजो दिउँसो निन्द्राको झोँकमा बाथरुम जाँदा चिप्लेछु। घाउ भयो।"

"यो औषधि कसले लायो ?"

"मेरी जहानले। यहीँबाट किनेर लगेको।" मेरो उद्देश्य उसलाई हामीले मन पराइसक्यौँ भन्ने संकेत दिनु थियो।

"ठीक औषधि परेको छ।"

सायद उसले मेरो संकेत बुझेर आफ्नो प्रत्युत्तर सङ्केत मलाई दियो, मानौ 'ठीक ठाउँमा तिम्री जहान आइछन्।' "डाक्टर केही औषधि, एटीएस'" भन्न पनि पाएको दिइनँ। उसले कुरा काट्यो।

*(शिव रेग्मीको सम्पादनमा प्रकाशित 'शंकर लामिछानेका निबन्ध'बाट)*

## गजलः मान्छे

✍ राजेश स्पन्दन

कहाँ हिड्छ, कहाँ पुगी रोकिन्छ
मान्छे ?
आवश्यकतामा कहाँनेर देखिन्छ
मान्छे ?

सधैँ साथ-साथ छायाँ हिँडे पनि
आखिर,
नदेखिने ऐनामा नै किन अडिन्छ
मान्छे ?

शिरले आकाश छुँदा पाउ जमिनमै
होस्
नत्र उम्लिएको दूधझैँ तल झरिन्छ
मान्छे

सयौँलाई बन्धक बनाउँछ आफू
मालिक
लाखौंको भिडमा कसरी जोगिन्छ
मान्छे ?

## जग्गा विक्रीमा रहेको सूचना






परिस्थितिले मान्छेलाई दास बनाउँछ। राम्रो भनेको राम्रै हो। सेन्टरमा ठाउँ पाउँन गार्हो छ र दुर्लभ वस्तुको महत्व वेग्लै हुन्छ। राम्रोलाई सबैले हेर्न मिल्छ तर पाउने र नजर अन्दाज गर्ने भनेको दमदार र अठोटवालाले हो। राम्रोको मुल्य महंगो हुनु स्वभाविक हो। राम्रो मालले मानविय जीवन सुन्दर र आरामदायी बनाउछ।

सुर्खेतको मुटु, सुर्खेत जुम्ला रोड रत्न राजमार्गसंग जोडीएर रहेको कि.नं १८७३ को ८ मि. मोहोडा ५२ मि . पिछाड मध्य ६ मी. चौंडाई × २५ मी. लम्वाई भएको ठाउँ र आकार मिलेको चार पाँच वर्ष अगाडी १ मि. को मुल्य रू पचास लाख पर्ने, ६ मि. को मुल्य रू. ३ करोडमा किनबेच भई चलिरहेको जग्गा उचित मुल्यमा तुरुन्त बिक्रीमा छ। ईच्छुक महानुभावहरुले मौकाको फाईदा उठाउनु होला।

**सम्पर्क नंबर:**- ९८६८०९३४००/९८०४५५५८९९/९८४८१४२२३२
**स्थान:**- एरीचौक, सुर्खेत हस्पिटल भन्दा करीव ७० मि. अगाडि वाँया साईड।

Batawaran Sudhar Multipurpose Co-Operative Limited (BASUCOL)

## वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.

(वातावरण भवन), वीरेन्द्रनगर-८, सुर्खेत

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**(पहिलो पटक विज्ञापन प्रकाशित मिति: २०८१/०१/२७ गते)**

वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि., वीरेन्द्रनगर-८, सुर्खेत सदस्यहरूबाट नियन्त्रित स्वायत्त संस्था हो। यस संस्थाले सुर्खेत, दैलेख, जाजरकोट र सल्यान जिल्लालाई आफ्नो कार्यक्षेत्र बनाइ विगत २१ वर्षदेखि सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृति विकासका क्षेत्रमा सहकारीताका मूल्य, मान्यता र सिद्धान्तका आधारमा विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेको छ। त्यसै अनुरुप संस्थाले कृषक सदस्य तथा उपभोक्ताहरूको माग अनुसार शुद्ध दुध तथा दुग्धजन्य पदार्थहरू खरिद तथा बिक्री गर्ने उद्देश्यले सञ्चालनमा ल्याएको वातावरण दुग्धशालालाई तपसिल अनुसारका कर्मचारीहरू आवश्यक भएको हुँदा योग्य व्यक्तिहरूले संस्थाबाट उपलब्ध गराइने दरखास्त फाराममा उल्लेख भए अनुसार व्यक्तिगत विवरण (C.V.) र हालसालै खिचेको ३ प्रति पासपोर्ट साइजको फोटो, नागरिकता, लब्धाङ्कसहितको शैक्षिक योग्यताको प्रमाणपत्र, अन्य योग्यता, अनुभव तथा तालिमका प्रमाणपत्रहरूको प्रतिलिपि तथा तोकिएको दरखास्त शुल्कसमेत दरखास्त फाराम साथ संलग्न गरी तोकिएको मितिभित्र कार्यालय समयमा संस्थाको केन्द्रीय कार्यालय, वीरेन्द्रनगर-८, सुर्खेतमा दरखास्त दर्ता गराउनुहुन यसै सूचनामार्फत् आह्वान गरिन्छ।

**तपसिल:**

१. विज्ञापन नं.: ३/०८०/०८१
२. पद : बिक्री सहायक (ज्यालादारी करार) तह : सहायक चतुर्थ
३. आबश्यक पद संख्या : २ (दुई) जना।
४. शैक्षिक योग्यताः न्यूनतम् कक्षा १२ उत्तीर्ण गरी व्यवस्थापन तथा कम्प्यूटरमा दक्षता प्राप्त गरेको हुनुपर्नेछ (महिला मात्र)।
५. उमेर : दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भइ ४० वर्ष ननाघेको हुनुपर्नेछ।
. सीप : कम्प्यूटर तथा व्यवस्थापकीय क्षेत्रमा विशेष दक्षता प्राप्त गरेको हुनुपर्नेछ। ६
७. दरखास्त दिने अन्तिम मितिः २०८१ जेठ २ गते बुधवार (कार्यालय समयभित्र)। ८. परीक्षाको किसिमः छोटो सूचि प्रकाशन, प्रयोगात्मक तथा अन्तरवार्ता।
९. सेवा सुविधाः संस्थाको नियमानुसार।।
१०. परीक्षा मिति र समयः २०८१ जेठ ४ गते शुक्रवार बिहान ठीक ११:०० बजेदेखि।

*(नोटः रित नपुगेका तथा समयभित्र नआएका दरखास्तलाई स्वीकार गरिने छैन।)*

## आगामी...

कर्णाली पुछारमा छ भने भोकमरी र कुपोषणको अवस्था पनि उस्तै छ। यहाँका नागरिकलाई दैनिक जीवनयापन गर्न मजदुरीका लागि भारत जानुपर्ने अवस्था छ।

सरकारको सन् २०३० सम्म गरिबीलाई शून्यमा झार्ने राष्ट्रिय लक्ष्यलाई कर्णालीले अझैसम्म पनि लयमा ल्याउन सकेको छैन।

## पूर्वाधार...

सुर्खेत उपत्यकाको तल्लो तटीय क्षेत्र बाढी तथा डुवानबाट बर्सेनि प्रभावित हुने गरेकाले उक्त समस्याको दीर्घकालीन समाधानका लागि निकास खोला नियन्त्रण आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (अनुमानित लागत ३० करोड २९ लाख) समेत तयार भएकाले यस आयोजनालाई प्राथमिकतामा राखी बजेटसहित कार्यान्वयनको व्यवस्था मिलाइदिन कँडेलले आग्रह गरेका छन्।

कर्णाली प्रदेशमा राष्ट्रिय गौरवका आयोजना नभएकाले निम्न आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाको रूपमा घोषणा गरी छुट्टै कार्यान्वनय संरचनासहित आयोजना कार्यालय स्थापना र आयोजनाका लागि आवश्यक बजेटको व्यवस्था गर्न आग्रह गरिएको छ। कर्णाली कोरिडोर (सुर्खेतदेखि हुम्ला) भेरी कोरिडोर (सुर्खेतदेखि डोल्पा), कर्णाली राजमार्ग (कालीकोटदेखि मुगु-राराहुँदै मुगुम कार्मारोडसम्म) लगायतका सडक पूर्वाधारलाई अगाडि बढाइदिन कँडेलको संघ सरकारसँग आग्रह छ। प्रदेशको द्रुत विकासका लागि बबई-चिसापानी, छिन्चु-बबई सुरुङ मार्गको अध्ययन गरी कार्यान्वयन गरिनुपर्ने, सुर्खेत उपत्यकामा खानेपानीको दीर्घकालीन समस्या समाधानका लागि भेरी लिफ्ट खानेपानी आयोजना सञ्चालनको सुरुवाती चरणमा रहेकाले यसलाई द्रुत गतिमा सञ्चालनको व्यवस्था मिलाउनुपर्ने, जाजरकोट र रुकुम पश्चिममा भूकम्पबाट प्रभावित क्षेत्रको जनस्तरमा अनुभूति हुने गरी समग्र क्षेत्रको पुनः निर्माणको प्रभावकारी कार्यक्रम र योजना आउनुपर्ने माग कँडेलले संघीय सरकारसँग राखेका छन्।

## ठुला...

गर्दा प्रादेशिक सन्तुलन कायम हुनुपर्ने माग कँडेलले राखेका छन्। तुलनात्मक रूपमा पछाडि परेको कर्णाली प्रदेशमा संघीय आयोजनाको संख्या अन्य प्रदेशको तुलनामा कम रहेको र अर्कोतर्फ कर्णाली प्रदेशको आन्तरिक स्रोतसमेत न्यून भएकोमा संघीय आयोजनाको वितरणमार्फत सन्तुलन कायम हुनुपर्ने उनको माग छ।

त्यस्तै, कर्णाली प्रदेशलाई अहिलेको राजस्व बाँडफाँट र समानीकरण अनुदान वितरणको सूत्र प्रभावकारी नभएको, ठूलो र विकट भूगोल भएको क्षेत्र र मानव विकास सूचकाङ्कको अङ्कभार बढाउनुपर्ने माग गरिएको छ।

जनसंख्याका आधारमा मात्र बजेट बाँडफाँट हुनु नहुने, समानीकरण अनुदान बाँडफाँटका आधारहरू पुनरावलोकन हुनु जरुरी रहेको मुख्यमन्त्री कँडेलले भनेका छन्। पूर्वाधार विकासको सूचकले पछाडि परेको प्रदेश र स्थानीय तहलाई थप पछाडि पार्ने अवस्था सिर्जना भइरहेको उनले भनेका छन्।

'खर्चको आवश्यकता र राजस्व क्षमताबीचको अन्तर पूरा गर्न समानीकरण अनुदान वितरण हुनुपर्ने भए पनि हाल यसको राम्रोसँग विश्लेषण भएको छैन। आन्तरिक राजस्वबाट धानिन सक्ने प्रदेश र आन्तरिक राजस्वको न्यून सम्भावना भएका प्रदेशमा जाने समानीकरण अनुदानमा खासै उल्लेख्य फरक छैन, यसले झन् प्रादेशिक असन्तुलन बढाइरहेको छ,' कँडेलले भने।

ससर्त अनुदान घटाउँदै जानुपर्नेमा बढ्दै गएकाले यसलाई घटाएर समानीकरण अनुदान बढाउनुपर्ने नीति लिनुपर्ने कँडेलले संघीय सरकारलाई सुझाएका छन्।

## वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

### सहकारी संस्थाको एकिकरण प्रस्तावनामा सरोकारवालाहरुको गुनासो वा उजुरीको निवेदन आह्वान गरिएको सम्बन्धी १५ दिने सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०१/२७)**

यस कार्यालयको नियमन क्षेत्राधिकारमा पर्ने देहायका सहकारी संस्थाहरुको तर्फबाट एकिकरण गर्न मिति २०८१।०१।१२ गते यस कार्यालयमा दरखास्त दर्ता हुन आएको छ। नगरपालिकाको सहकारी ऐन, २०७४ का व्यवस्था, सर्वमान्य सहकारी सिद्धान्त, मूल्यामान्यता वा आम सदस्यहरुको हित संरक्षणका दृष्टिकोणबाट प्राप्त दरखास्त बमोजिम एकिकरण स्वीकृत गर्नु नपर्नाको कुनै कारण भए वा तत्सम्बन्धमा सम्बन्धित सहकारी संस्थाका सदस्य वा सरोकारवाला कसैको कुनै सरोकार गुनासो वा उजुरी भए यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र कार्यालय समयभित्र यस कार्यालय समक्ष आईपुग्ने गरी निवेदन दिनहुन मिति २०८१।०१।२७ गतेको यस कार्यालयको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। म्याद गुजारी प्राप्त भएको निवेदन उपर कुनै कारबाही नहुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ।

**तपसिल**

| क्र.स. | दरखास्तवाला सहकारी संस्था | कै |
|---|---|---|
| १. | गणेशजल बहुउद्देश्यीय सहकारी संस्था लि. वी.न.पा.९, सुर्खेत | |
| २. | हाम्रो सुर्खेत कृषि सहकारी संस्था लि.वी.न.पा.८, सुर्खेत | |
| ३. | नवकल्याण बचत तथा ऋण सहकारी संस्था लि.वी.न.पा.९, सुर्खेत | |

**दिपेन सुवेदी**
**अधिकृत सातौ**

गुर्भाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय शुभाघाट, सुर्खेत कर्णाली प्रदेश, नेपाल

## गुर्भाकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

सुर्खेत
कर्णाली प्रदेश, नेपाल

पत्र सख्या :- ०८०/०८१
चलानी नम्बर :- २८३३
मिति :-२०८१।०१।२८

विषय :- सम्झौता गर्न आउने वारे।

उपरोक्त सम्बन्धमा यस गुर्भाकोट नगरपालिका, नगरकार्यपालिका कार्यालयको मिति २०८१।०१।२१ गतेको आसयपत्रको सुचना अनुसार तपशिल बमोजिमका बोलपत्र खोलिएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम कारवाहि हुदा सारभुत रुपमा प्रभावग्राही रहेका तपशिलका फर्महरु रहेकाले सोही ऐनको उपदफा ३ बमोजिम सम्झौताका लागी यो सुचना प्रकाशित गरिएको छ। साथै, आजको १५ दिन भित्रमा मिति २०८२।०४।३० सम्मको वैक ग्यारेन्टी र काम गर्न सक्ने स्पस्ट आधार सहित, यस कार्यालयमा सम्झौताका लागी आउन जानकारी गराईन्छ।

तपशिल

| सि नं | ठेक्का नम्बर | योजनाको नाम | फर्मको नाम | कबोल अंक भ्याट बाहेक | वैंक ग्यारेन्टी रु | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | NCB/WORKS/GM/08/2080/081 | Wordi Ring Road (Baghakhor – wordi,Bardanda – Dhaba) Construction works Malarani surkhet | P.L Engineering & Builders Baijanath 4 Banke | Rs:2131513.00 (एक्काईस लाख एक्तिस हजार पाच सय तेह्र रुपैया मात्र)। | २,००,०००।०० (दुई लाख रुपैया मात्र) | असार १५ सम्म कार्यसम्पन्न गर्नुपर्ने |
| 2 | NCB/WORKS/GM/09/2080/081 | Aapsoti Barmagar aaulshurma Road construction works Ghumkhahare surkhet | JMCConstruction Pvt.Ltd Gurbhakot 12 Surkhet | Rs:2881234.00 (अठ्ठाईस लाख एकासी हजार दुई सय चौतिस रुपैया मात्र)। | २,६०,०००।०० (दुई लाख साठी हजार रुपैया मात्र) | असार १५ सम्म कार्यसम्पन्न गर्नुपर्ने |
| 3 | NCB/WORKS/GM/10/2080/081 | Mehalkuna hospital line Road maintenance and construction works mehalkuna surkhet | Dorna Builders Group of company Pvt.Ltd Birendranagar surkhet | Rs:2515809.00 (पच्चिस लाख पन्ध्र हजार आठ सय नौ रुपैया मात्र)। | ४,६०,०००।०० (चार लाख साठी हजार रुपैया मात्र) | असार १५ सम्म कार्यसम्पन्न गर्नुपर्ने |

२०८१।०१।२८
प्रमुख प्रशासकिय अधिकृत

पूर्ण बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत

## Simta Rural Municipality
## Office of the Rural Municipal Executive

Rakam, Surkhet
Karnali Province, Nepal

### Invitation for Bids No (Second notice) : SRM/RESQ/GOODS/03-2080/81

**SRM/RESQ/GOODS/04-2080/81**
**Date of publication: 2081/1/27 (2024 MAY 9)**

1. Simta Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of works under Resealed quotation procedures.

| IFB NO. | Description of work | Estimated Amount (with VAT ) NRs | Bid security amount (NRs) | Bid document fee (NRs) |
|---|---|---|---|---|
| SRM/RESQ/GOODS/ 03-2080/81 | Procurement of material for gaushala construction simta 6 rakam | 1031474.09 | 26000/- | 1,000/- |
| SRM/RESQ/GOODS/ 04-2080/81 | Procurement of material for deuli to bhademasanghat road upgrading (upto site) | 1627720.61 | 41000/- | 1000/- |

2. Eligible Bidders may obtain further information at the office of Simta Rural Municipality, or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
 Name of the Bank: laxmi sunrise bank limited
 Name of Office: Simta rural Municipality
 Office Account no.: 08003000021(Rajswa) 08003000171(Dharauti )
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 Noon 2024 May 17
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 12:30 Noon, 2024 May 17 at the office of Simta Rural Municipality. Bids must be valid for a period of 45 days after bid opening with scanned copy of the bid security in .pdf format, amounting to a minimum of as mentioned above which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the bid opening date falls on a government holiday, then the next working day shall be considered as the bid opening date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Bidders are advised to visit the site and access the actual site conditions before submission their bid.
8. The employer reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

युगआह्वान
राष्ट्रिय दैनिक

## चामुण्डा बिन्द्रासैनी नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय

जम्बुकाध, दैलेख,
कर्णाली प्रदेश, नेपाल

### चामुण्डा बिन्द्रासैनी नगरपालिका अन्तर्गत वडाला वुडेली चाल्ने शिमशेर सडकको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारी कार्य सम्बन्धि सार्वजनिक सूचना

**प्रकाशित मिति: २०८१/०१/२९**

दैलेख जिल्ला, चामुण्डा बिन्द्रासैनी नगरपालिकाद्वारा देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | चामुण्डा बिन्द्रासैनी नगरकार्यपालिकाको कार्यालय, जम्बुकाध, दैलेख, कर्णाली प्रदेश<br>ईमेलः ito.chamundabindrasainimun@gmail.com |
| **प्रस्तावको व्यहोरा** | चामुण्डा बिन्द्रासैनी नगरपालिका अन्तर्गत वडाला वुडेली चाल्ने शिमशेर सडकको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारी कार्य। |
| **प्रभाव पार्न सक्ने क्षेत्र** | दैलेख जिल्ला, चामुण्डा बिन्द्रासैनी नगरपालिका वडा नं. १,२,३,४,५,६ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकिय प्रणालि, प्राकृतिक तथा भौति प्रणालि, सामाजिक तथा आर्थिक प्रणालि र साँस्कृतिक प्रणालि बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनि यकिन गर्न गुर्न चामुण्डा बिन्द्रासैनी नगरपालिका वडाहरु, त्यस क्षेत्रका टोल वस्ती तथा वडा समिति, विधालय, स्वास्थ्य, सामाजिक संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सुचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराईदिनहुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | चामुण्डा बिन्द्रासैनी नगरकार्यपालिकाको कार्यालय, जम्बुकाध, दैलेख, कर्णाली प्रदेश<br>ईमेलः ito.chamundabindrasainimun@gmail.com |
| **परामर्शदाताको नाम** | नामः *पि.सि.आर इन्जिनियरिंग कन्सल्टिगं एण्ड कन्स्ट्रक्सन* ठेगानाः वीरेन्द्रनगर-०४, सुर्खेत, कर्णाली प्रदेश<br>फोनः ९८५८०४४३६६<br>ईमेलः pcrconstruction2078@gmail.com |

# बादी बालिकालाई पोशाक र शैक्षिक सामाग्री हस्तान्तरण

**युग संवाददाता**
**सुर्खेत, २८ वैशाख ।**

वीरेन्द्रनगर-११ धुलियाबिट स्थित शिव माध्यमिक विद्यालयमा अध्ययन गर्दै आएका बादी समुदायका छात्राहरुलाई शैक्षिक सामाग्री हस्तान्तरण गरिएको छ। लभ एण्ड होप नामक गैरसरकारी संस्थाको सहयोगमा विपन्न बादी समुदायका २७ छात्रालाई पोशाक, जुत्ता, झोलासहितका शैक्षिक सामग्री वीरेन्द्रनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद जैसीले र लभ एण्ड होपका अध्यक्ष सम्भु पोखेलले हस्तान्तरण गरेका हुन् । लभ एण्ड होप नेपालले विपन्न वर्ग विशेष गरी मानव बेचबिखनको उच्च जोखिममा रहेका समुदायका बालबालिकाको संरक्षण गर्दै आएको छ।




संस्थाले झण्डै तीन दशकदेखि झुप्रा खोलाको गिट्टी र बालुवाबाट जीवन निर्वाह गरिरहेका बादी समुदायका बालिकाहरुको सम्पूर्ण विद्यालय खर्च व्यहोर्दै आएको छ। सोही बमोजिम शुक्रबार बादी छात्राहरुलाई शैक्षिक सामाग्री हस्तान्तरण गरिएको हो।

शैक्षिक सामाग्री हस्तान्तरण कार्यक्रममा बोल्दै वीरेन्द्रनगर नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत कृष्णप्रसाद जैसीले आर्थिक र सामाजिक रुपले पछाडि पारिएकाहरुको शैक्षिक अधिकार संरक्षणमा संस्थाले खेल्दै आएको भुमिका प्रशंसा गर्न लाएक रहेको बताए।

त्यस्तै, विद्यालयका प्रधानाध्यापक पूर्णप्रसाद पौडेलले संस्था कै कारण बादी समुदायका बालबालिका शिक्षाको पहुँचमा पुगेको तथा बालबिवाह रोकिएको बताए। आफ्नो विद्यालयमा ३५ प्रतिशत विपन्न वर्गका बालबालिका अध्ययन गर्ने उल्लेख गर्दै प्रधानाध्यापक पौडेलले आगामी दिनमा ति बालबालिकालाई पनि समेट्ने गरी कार्यक्रम ल्याउनुपर्ने बताए।

## बालविवाह समाजिक र कानूनी अपराध हो ।

- बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई कानून वमोजिम जरिवाना र कैद दुवै सजाय हुने कानूनी व्यवस्था छ।

नेपाल सरकार
**आन्तरिक मामिला तथा कानून मन्त्रालय**
वीरेन्द्रनगर, सुर्खेत

## घर निर्माण कार्यको लागि सम्झनुहोस्

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्र्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।



प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

## ठेक्का स्विकृति गर्ने आशयको सूचना

## खजुरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

खजुरा, बाँके,
लुम्बिनी प्रदेश सरकार, नेपाल

### ठेक्का स्विकृति गर्ने आशयको सूचना

**(प्रथम पटक सुचना प्रकाशित मितिः २०८१।०१।२७)**

यस गाउँपालिकाको मिति २०८१।०१।२० गते युगआह्वान दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सुचना अनुसार प्राविधिक प्रस्तावमा उर्त्तिण भइ तोकिएको म्याद भित्र आर्थिक प्रस्ताव दर्ता गर्ने निर्माण कम्पनिहरु बाट मिति २०८१।०१।२७ मा प्रस्ताव खोली मुल्यांकन गरी तपशिल बमोजिमका बोलपत्र दाताको बोलपत्र न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम सोहि ऐनको दफा ४७ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिन्छ।

| क्र. सं. | ठेक्का नं. | ठेकेदारको नाम | योजनाको नाम | भ्याट र पि.एस.सहित कबोल अंक रु. | कै. |
|---|---|---|---|---|---|
| १. | KRM/NCB/ WORKS /26/2080-081 | Kalpeshwor-Sabina, JV,Raptisonari -02 Banke | Ward No. 1 ward Karyalaya Bhawan Nirman | रु. १४०६४१५७.७५ | |

## लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ।

- यसबाट बच्न,
- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुला अङ्गमा लामखुट्टेले नटोकोस भनी सचेत रहने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुला नराख्ने,
- पोखरी, दह तथा नालामा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

## घर जग्गाहरु खरिद बिक्री गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा

१ घर जग्गा बिक्री गर्ने वास्तविक ब्यक्ति बुझेर मात्र सो को कित्ता निजको हक भोगमा छ छैन एकिन गर्ने
२ उक्त कित्ताको मोठ क्षेस्था फोटो र तीनकुने ठिक भय नभयको एकिन गर्ने
३ जग्गा र नक्सामा बाटो छ छैन राम्ररी जाच्ने वा बुज्ने
४ कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा मुद्धा छ छैन एकिन गर्ने
५ जग्गामा रहेको हक भोग आकार प्रकार मिल्छ वा मिल्दैन एकिन गर्ने
६ लाल पुर्जा र नक्सा मा क्षेत्र फल मिल्छ मिल्दैन एकिन गर्ने
७ उक्त कित्ता को चारै तर्फ़ को सिमाना विवाद भय नभयको फिल्डमा गयर साध सधियारहरुबाट भुझने
८ उक्त जग्गामा मोही भय नभयको बुझने
९ जग्गा रैकर वा गुठि के हो लाल पूर्जामा राम्रो संग हेर्ने
१० नक्सा अनुसारको जमिनमा चारै तर्फ़ सिमाना एकिन गर्ने र रेखांकन गर्ने गराउने

आधिकारीक घर जग्गा खरीद-बिक्री गर्ने कम्पनी मार्फत कारोबार गर्नु हुन अनुरोध छ।

**कर्णाली मल्टी रियल स्टेट कम्पनी प्रा. लि.**
वीरेन्द्रनगर, सुर्खेत
०८३-५२३१८५, ९८१८८७२८०१, ९८५८०७२८०१

## हटलाइन मर्मत सेवा फोन गर्नुहोस । समस्या सुनाउनुहोस समाधान पाउनुहुनेछ ।

धेरै समस्याको समाधान अव एकै ठाउँबाट
१) पानी, बत्ती टुटफुट मर्मत सेवा।
२) फर्निचर (काप्रेन्टर) मर्मत सेवा।
३) आल्मोनियम, फ्रिफेब मर्मत सेवा।
४) टायल, मार्बल टुटफुट मर्मत सेवा।
५) वल्डिङ, बेल्डिङ मर्मत सेवा।
६) पाथरुम, शौचालय मर्मत सेवा।
७) कोठा सार्ने गाडी सुविधा।
८) नयाँ, पुराना फर्निचर, ग्याँस चुलो, भाँडावर्तन खरिद-विक्रि तथा मर्मत
९) सेकेण्डहेण्ड स्कुटी, मोटरसाइकल खरिद-विक्रि

२४ शै घण्टा सेवा गर्ने अवसर दिनुहोस ।

**सामेल निर्माण सेवा**
वीरेन्द्रनगर-१२, सुर्खेत
हटलाइन मोवाइल नं. : ९८५८०२२७१८

## सुलभ दर र गुणस्तरिय छपाइ तोकिएकै समयमा ढुक्क ।

भवानी छापाखाना
DIGITAL COLOUR PRINTER

• Screen Print • Offset Print • Digital Print

24 Years in Printing Experience
Quality & Quantity Printing House

संसार प्रसिद्ध HEIDELBERG
कर्णाली प्रदेशमै पहिलो पटक (20"x30" & 19"x25")
Multicolour Printing Machine
25000 Printing Per Hour



B.C. Group Karnali 2070

**क्यालेण्डर**
स्पाइरल, साधारण, टेबल

के तपाई **गुणस्तरीय छपाइको** खोजीमा हुनुहुन्छ ?



Service Related
Government Office | Bank
Private Office | NGO | INGO
Co-operative | School | College

**भवानी छापाखाना**
Birendranagar-6, Surkhet
☎ 9858067999, 9858060615
Industry: Birendranagar Industrial Area
E-: pressbhawani@gmail.com